# प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्,
# स्तर निर्धारण महाशाखा सानोठिमी, भक्तपुरको
# छोटो अवधिको तालीम कार्यक्रम सञ्चालनको लागि प्रस्तावना आह्वान
# सम्बन्धी सूचना ।

सूचना प्रकाशित २०७४।९।३०.

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्बाट सम्बन्धन/स्वीकृति प्राप्त गरी निजी क्षेत्रमा छोटो अवधिको तालीम कार्यक्रमहरु संचालन गर्न चाहने संस्थाहरुको लागि देहाय बमोजिमका शर्तहरुको अधिनमा रहि आवेदन फाराम विक्रि वितरण र प्रस्तावना दर्ता गर्न दर्खास्त आव्हान गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र देहायमा उल्लेखित शर्तहरु पुरा गरी तपसिल बमोजिम रितपूर्वकको प्रस्तावना र आवश्यक कागजात संलग्न गरी आवेदन दिनु हुन यो सूचना प्रकाशित गरिएको छ ।

**<u>तपसिल</u>**

१ आवेदन फाराम परिषद् कार्यालयको हाताभित्र रहेको रा.वा.वैंक शाखा कार्यालय सानोठिमी, भक्तपुरमा परिषद्को नाममा रहेको च.हि.नं. १७३००००००९०६ मा नियमानुसार तोकिएको शुल्क रु. १०००।- (रु. एक हजार) मात्र जम्मा गरी बैंक भौचर लिई लेखा शाखाबाट नगदी रसिद लिई प्राप्त गर्न सकिनेछ ।

२ परिषद्द्वारा छोटो अवधिको तालीमहरुको पाठ्क्रम स्वीकृत भएका विषयको मात्र कार्यक्रम संचालनको लागि आवेदन फाराम विक्री वितरण र दर्ता गरिनेछ ।

३ प्रस्तावना फाराम दर्ता गराउंदा एकपटकमा एउटा सेक्टरको ५ विषय सम्मको प्रस्तावना पेश गर्न सकिनेछ ।

४ तालीम संचालन गर्न पूर्वाधार पूगेका विषयको मात्र प्रस्तावना पेश गनुपर्ने छ ।

५ प्रस्तावना स्वीकृत भएका संस्थाहरुको मात्र पूर्वाधार निरीक्षण प्रकृया अगाडि बढाइने छ ।

६ आवेदन फाराम स्वीकृत भएका संस्थाहरुको पूर्वाधार निरीक्षणको निमित्त परिषद् कार्यालयले तोके बमोजिम निरीक्षण शुल्क वापत रु. २५०००/ (अक्षरेपी पच्चीस हजार) फिर्ता नहूने गरी बुझाउनु पर्नेछ । सो सम्बन्धी सूचना पछि प्रकाशन गरिनेछ ।

७ कुनै विशेष कारणवश सम्बन्धन रोक्ने / स्थगन गर्ने अधिकार परिषद् कार्यालयमा रहनेछ

८ परिषद्को ऐन, नियम, विनियम, निर्देशिका र निजीस्तरमा छोटो अवधिको तालीम कार्यक्रम सञ्चालन र स्वीकृत कार्यविधि २०७२ र विभिन्न निर्णयहरुलाई आधारमानी आवेदन फाराम स्वीकृत भएका संस्थाहरुलाई कार्यक्रम संचालन गर्न स्वीकृति दिने वा नदिने अन्तिम निर्णय परिषद् कार्यालयले गर्न सक्नेछ ।

९ संस्थाको, प्रवन्धपत्र, नियमावली, विधानमा स्पष्टसंग कार्यक्रम सञ्चालनको उद्देश्य लेखिएको र कार्यक्रम माग गरेको विषय मेल खानु पर्ने छ ।

१० सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र प्राप्त प्रस्तावनाहरुको छानविन गरी रितपूर्वकका प्रस्तावनाहरुलाई स्वीकृत गरिनेछ र स्वीकृत संस्थाहरुको नामावली परिषद्को वेवसाइटमा राखिने छ ।

११ पूर्वाधार निरीक्षणको लागि स्वीकृत भएका प्रस्तावनाहरुको शूल्क जम्मा गर्न १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिनेछ ।

१२ पूर्वाधार निरीक्षण गरी परिषद् कार्यालय/ क्षेत्रीय कार्यालयमा प्रतिवेदन दर्ता भएको मितिले ३० दिन भित्र स्वीकृत/अस्विकृत गरी सम्बन्धित संस्थालाई सो को जानकारी दिइनेछ ।

१३ सीप परीक्षणको हकमा सीप परीक्षण प्रमाणिका स्वीकृत भएका कार्यक्रमको मात्र सीप परीक्षण हूनेछ

१४ कम्पनी रजिष्टार कार्यालयमा दर्ता भएका संस्थाहरुले दर्ता अध्यावधिक गरेको प्रमाण पत्र पेश गनुपर्ने छ । अन्य कार्यालयमा दर्ता भएका संस्थाहरुले नविकरण भएको प्रमाण पत्र पेश गर्नुपर्नेछ ।

१५ परिषद् कार्यालयबाट डिप्लोमा प्रमाणपत्र तह र प्रा.ए.एल.सि. कार्यक्रमको सम्बन्धन स्वीकृती प्राप्त गरी संचालनमा रहेका निजी संस्थाहरुको हकमा आफूले संचालन गरिरहेको विषय र कार्यक्रमसंग मेलखाने बढीमा ५ वटा विषयका लागि परिषद् केन्द्रिय कार्यालयमा आवेदन पेश गर्न सकिनेछ । निज संस्थाहरुले साविक स्थानमा तालीम कार्याक्रम संचालन गर्ने भएमा अतिरिक्त समयमा संचालन गर्ने प्रतिवद्धता पेश गर्नू पर्नेछ । साथै उक्त संथाहरुको आवेदन फारम स्वीकृत भएकोमा नियमानूसार धरौटी र सम्बन्धन शुल्क लिई नियमानूसार स्वीकृत कार्यक्रका लागि सम्बन्धन प्रदान गरिनेछ । आवेदक संस्थाहरुले आवेदन दिदा परिषद्को

१६ पूर्व क्षेत्र कार्यालय इटहरी सुनसरी, मध्य क्षेत्र कार्यालय भरतपूर चितवन, पश्चिम क्षेत्र कार्यालय कोहलपूर बांके र केन्द्रिय कार्यालय सानोठिमी भक्तपूर गरी आ-आफ्नो क्षेत्र भित्र आवेदन दिनूपर्नेछ ।

**नोट** यसपूर्व पूर्वाधार निरीक्षण शुल्क रु. २५०००/ बुझाएकाहरुको हकमा समेत माथि उल्लेखित समय भित्र सम्बन्धन स्वीकृतिको कार्य गरिनेछ । उक्त समय पछि ती प्रस्तावनाहरु स्वत: रद्द हुने छन् । बिस्तृत जानकारीको लागि यस परिषद् कार्यालयको स्तर निर्धारण महाशाखामा सम्पर्क गर्नु हुन वा परिषद्को website : www.ctevt.org.np हेर्नुहून सूचित गरिन्छ ।